# रामपुर नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि २०७५

**रामपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

रामपुर, पाल्पा

# प्रस्तावना

नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ को उपधारा (१) को नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तह हुनेछ भनी स्थानीय तहको व्यवस्था गरीएको छ भने भाग १७ को धारा २१४ को उपधारा (१) मा स्थानीय तहको कार्यकारी अधिकार संविधान र संघीय कानुनको अधिनमा रही नगरकार्यपाकिमा निहित रहने व्यवस्था गरिएको छ त्यसै गरी उपधारा (५) मा नगरपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारको प्रमाणिकरण स्थानीय कानुन बमोजिम हुनेछ भनी व्यवस्था गरिएको छ ।

सोही वमोजिम यस नगरकार्यपालिका बाट नगरवासीको सुविधाको लागी वढी प्रभावकारी र हरसमय उत्तरदायी रहन, समयको वचत, छिटो छरितो सेवा उपलव्ध गराउन सकिने, आयोजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन कार्यमा छिटो सम्पन्न गर्न सकिने, पारदर्शी, जवाफदेहीता रहने किसिमवाट नगरपालिकाको सवारी साधनहरु सदुपयोग गर्नुको साथै सवारी साधन सञ्चालनवाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परिणाम आउने गरी सवारी साधन संचालन गर्न कार्यविधि बनाउन वाञ्छनीय भएकोले नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि २०७५ लागु गरीएको छ ।

## भाग १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. सवारी साधन कार्यविधि भन्नाले रामपुर नगरपालिकाको सवारी साधन संचालन कार्यविधि २०७५ संझनुपर्दछ। यस कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) रामपुर नगरपालिका भन्नाले नेपालको संविधान २०७५ को भाग ५ को धारा ४ वमोजिम स्थानीय तह अन्तर्गत रामपुर नगरपालिका भन्ने कुरा वुझाउँछ।

ख) ऐन भन्नाले स्थानीय तहको शासन संचालन सम्वन्धमा संविधान र संघीय कानुनमा व्यवस्था भए वमोजिमको र रामपुर नगरपालिकाको विनियोजन ऐन २०७५ समेतलाई जनाउँछ।

ग) आचारसंहिता भन्नाले रामपुर नगरपालिका पदाधिकारीको आचारसंहिता २०७५ र कर्मचारी आचारसंहितालाई जनाउँछ।

घ) नगरसभा भन्नाले नेपलाको संविधान २०७२ को भाग १८ धारा २२३ उपधारा (१) अनुसार नगरसभा रहने छ भने धारा (२) (३) (४) (५) वमोजिमको प्रक्रियाद्धारा नगरसभा गठन हुन्छ भन्ने कुरा वुझाउँछ।

ङ) पदाधिकारी भन्नाले संविधानको धारा २१६ को (१) वमोजिम एक जना नगरकार्यपालिका प्रमुख, धारा २१६ उपधारा २ वमोजिम एक जना उप प्रमुख र प्रत्येक वडामा वडा अध्यक्ष र उपधारा (४) वमोजिम सदस्य समेत सवै जननिर्वाचित पदाधिकारी हुन भन्ने कुरा वुझाउँछ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नेपाल सरकार स्थानीय विकास मन्त्रालयवाट पठाएको प्रमुख प्रशासकीय अधिकृत भनी तोकिएको निजामति कर्मचारी भन्ने कुरा वुझाउँछ।

छ) सवारी साधन भन्नाले नगरपालिकाले खरिद गरी ल्याएको, नेपाल सरकारवाट हस्तान्त्रण भई प्राप्त भएको, कुनै संघ संस्था, व्यक्ति, दातृनिकाय समेतको सहयोगमा प्राप्त भएको मानिसहरु आवतजावतमा प्रयोग गरिने मोटरसाईकल, साईकल, कार, जिप, वस, मिनिवस, माईक्रोवस, आदिलाई जनाउँछ भने ट्रक, टिप्पर, दमकल, टेक्टर, लरी, डोजर, क्रेन जस्ता सामान ढुवानी र विकास निर्माणमा प्रयोग हुने साधनको रुपमा रहेको वुझाउँछ।

ज) सवारीचालक भन्नाले सम्वन्धित निकायवाट मान्यता प्राप्त अनुमति पत्रमा तोकिएको सवारी साधन चलाउने गरी अनुमतिपत्र वाला व्यक्तिलाई जनाउँछ।

झ) अनुमति पत्र भन्नाले सवारी साधन चलाउन पाउने सम्वन्धित सरकारी निकायवाट लिएको प्रमाणलाई जनाउँछ ।

ट) मर्मत भन्नाले यस नगरपालिकाको नाउमा रहेका सवारी साधनहरु सञ्चालन अवस्थामा दुरुस्त राख्न गरिने कार्यलाई सम्झनु पर्दछ ।

ठ) बजेट भन्नाले सवारी साधन मर्मत खर्च सवारी साधन खरीद गर्न वार्षिक विनियोजन ऐनमा व्यवस्था भए वमोजिमको रकमलाई जनाउँछ ।

ड) कार्यादेश भन्नाले मोटरसाइकल, साइकल, कार, जिप, भ्यान जस्ता सवै वुदान (छ) मा उल्लेखभएका साधनहरु अधिकारप्राप्त अधिकारीको आदेशपत्र लिएर मात्र संचालन हुने र ठुला सवारी साधन कार्यविधि वमोजिम चल्नेछ भन्ने कुरा वुझाउँछ ।

ण) कार्यक्रम आयोजना भन्नाले पारित नीति तथा कार्यक्रम विनियोजन ऐन र समय अनुकुल आवश्यकता अनुसार गरिएका निर्णयहरुवाट तोकिएका कामहरुलाई जनाउँछ ।

त) निषेधित क्षेत्र भन्नाले सुरक्षा निकाय, निर्वाचन आयोग नेपाल सरकारद्धारा निषेधित भनी तोकिएको समय क्षेत्रलाई जनाउँछ ।

## भाग २
## सवारी साधनको सञ्चालन सम्वन्धि व्यवस्था

१. वुदा न. (छ) वमोजिमका साधनहरु संचालन नहुँदाको अवस्थामा कार्यालयको चावी राख्ने वोडमा झुन्ड्याई राख्नुपर्दछ ।

२. आयोजना, योजना, कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन, अनुगमन, भेला, समारोह, मागको लागी प्रतिनिधि मण्डल जानेजस्ता विविध किसिमको सहभागीताले नगरपालिकामा प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा हुने कार्यमा मात्र नगरपालिकाका यातायातका साधनहरु प्रयोगमा ल्याउनु पर्दछ ।

३. निर्माण आयोजनाका लागि प्रयोग हुने साधन तथा ढुवानीमा प्रयोग हुने हेभी सवारी साधनहरु सोही वमोजिमका कार्यक्रम, आयोजना तथा कार्यविधि अनुसार संचालन हुनेछन् ।

४. नगरक्षेत्र भित्रका आयोजना, योजना, कार्यक्रमसमेतका कार्य सम्पादनका लागि सवारी साधन प्रयोग गर्नुपर्दा कार्यकारीको आदेश बमोजिम लगवुक प्रमाणित गरेर मात्र संचालन गरिनेछ । सोही आदेश बमोजिम काम सम्पन्न भएपछि सोही दिन कार्यालयमा वुझाउनु पर्नेछ ।

५ वुदा नं (४) वमोजिमको काम सोही दिन फर्किन नसक्ने भएमा विवरण खुलाई मौखिक आदेश लिन पर्ने र अफिस आएपछि कागज प्रमाणित गराउन पर्नेछ । कार्यकारी अधिकृतद्धारा सवारी साधन सञ्चालन सम्बन्धि जानकारी नगर प्रमुखलाई दिनु पर्नेछ ।

६. नगरपालिकाको आयोजना, कार्यक्रमजस्ता वुदा नं (२) वमोजिमको कार्यका लागी सवारी साधन लिइ रामपुर नगरपालिका भन्दा बाहिर जानुपर्दा प्रमुखको आदेश लिई कार्यकारी अधिकृतको स्वीकृतवाट मात्र सवारी साधन लान पाइनेछ ।

७. जटिल परिस्थिती बाहेक व्यक्तिगत प्रयोजनका लागी साधन प्रयोग गर्न पाइनेछैन त्यो समयमा पनि वुदा न. (४) र (५) बमोजिमका पदाधिकारीबाट आदेश लिनुपर्नेछ ।

८. सवारी साधन र हेभी सवारी साधन मेसिनहरु समेत कार्यालयमा जिन्सी प्रमुखको जिम्मामा रहनेछन् । चावीहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा रहनेछ ।

९. सवै सवारी साधन लगायत सम्पुर्णको बुझाउनुपर्ने दस्तुर इन्सुरेन्स समयमै वुझाउने जिम्मा जिन्सी प्रमुखको रहनेछ ।

१०. सवारी चालक अनुमति पत्र सवारी चालकको साथमा रहनेछ । अनुमति पत्र मान्यता प्राप्त हुनुपर्नेछ । मान्यता प्राप्त अनुमति पत्र नभएमा सवारी चालक स्वत निलम्वन रहनेछ ।

११. सम्पुर्ण सवारी साधनको नियन्त्रण नगर प्रमुखको निर्देशनमा रही प्रमुख प्रशासकीय अधिकृतद्धारा गरिनेछ ।

१२. नगरपालिकाको कामले प्रान्तीय र केन्द्रीय सरकारमा स्वीकृत आदेश बमोजिम जानुपर्ने अवस्था बाहेक अन्य हकमा सवारी साधन प्रयोग गर्न पाईने छैन् ।

१३. सवारी साधन संचालनमा आकस्मिक घटना भएमा त्यस्तो अवस्थामा न. पा. को निर्णयबाट सहयोग हुन सक्ने छ ।

**भाग ३**

**इन्घन तथा सवारी साधन व्यवस्थापन सम्बन्धि**

**१. इन्धन प्रयोग सम्बन्धमा**

१. स्वीकृत नीति तथा कार्यक्रम आयोजना समय अनुकुल आवश्यकता अनुसार गरिने निर्णयहरु कार्यान्वयनका लागी प्रयोग गरीने सवारी साधनमा प्रमाणित कुपनद्धारा इन्धन प्रयोग गर्नुपर्दछ ।

२. सवारी साधन प्रयोग गर्ने पदाधिकारी वा कर्मचारीले इन्धनको विवरण देखिनेगरी लगवुक प्रमाणित गरी पेश गर्नुपर्दछ । गाडी चलेको कि. मि. स्पष्ट खुल्ने गरी प्रमाणित भएपछि मात्र दोस्रो नम्वरको कुपन दिनुपर्नेछ । एक आ. वा. को सुरुवाट नै कुपन नम्वरीङ गरेर मात्र सुरु गरिनेछ ।

३. सरकारी निकायहरुलाई सीमित सहयोग गर्न सकिनेछ ।

४. प्रमुख प्रशासकीय अधिकृतको दस्तखत वा निजले तोकेको कर्मचारीको दस्तखतवाट मात्र कुपन बन्नेछ । दुवैको अनुपस्थितिमा मात्र लेखा प्रमुखबाट हुनेछ ।

५. निर्माणमा वा आयोजनामा प्रयोग हुने ठुला हेभी मेसीन तथा गाडीहरुको लागि सोही कार्यविधि बमोजिम हुनेछ ।

**२. इन्धनको भुक्तानी सम्बन्धमा**

१. आदेश पत्र बमोजिम हिसाव देखिने विवरण, चलेको कि. मि. खुल्ने प्रमाणित लगवुक, प्रतिवेदन सहितको विवरणका आधार साथै प्रचलित ऐन नियम वमोजिम विनियोजनमा बजेट भए अनुसार अधिकार प्राप्त अधिकारीले भूक्तानी दिनेछ । प्रमाण विनाको भुक्तानी हुने छैन ।

२. मेसिन ठुला गाडी तथा आयोजना संचालनका मेसिनहरुको हकमा सोही कार्यविधि वमोजिम हुन्छ ।

**३. सवारी साधन व्यवस्थापन सम्बन्धमा**

१. जुनसुकै समयमा पनि सवारी साधन दुरुस्त र सरसफाइ आवश्यकता अनुसार पानि मोविल राख्ने ग्रिज गर्ने समेतका कार्य सवारी चालकले गर्नेछ । कामको मूल्याङ्कनका आधारमा कार्यसम्पादन मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतवाट गरिनेछ । राम्रो आवस्थामा रहेको पाइएन भने आवश्यक कारबाही समेत गर्न सकिनेछ ।

२. सवारी साधनहरुको गर्नु पर्ने बिमा अनिवार्य गराउने छ ।

३. निषेधित क्षेत्रमा सवारी साधन लानपाइने छैन् ।

## भाग ४
## सवारी साधन मर्मत सम्बन्धि व्यवस्था

१. नगरपालिकाका सवारी साधनहरु मर्मत गर्नुपर्ने भएमा प्रचलित ऐन नियम बमोजिम विनियोजन ऐनमा बजेट रहे अनुसार तथा बजेटको व्यवस्था गरेर पनि मर्मत गरी दुरुस्त अवास्थामा राखिनेछ ।
२. मर्मत संभार हुन नसक्ने वढी लागतवाट मर्मत गर्दा पनि सवारी साधन दुरुस्त अवस्थामा राख्न नसकिने प्राविधिक प्रतिवेदन प्राप्त भएमा त्यस्ता सवारी साधनहरु निर्णय गरी प्रचलित ऐन नियम वमोजिम लिलाम गर्न सकिनेछ ।

## भाग ५

## विविध

१. रामपुर नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि, २०७५ मा लेखिएका वुदाहरु नेपाल सरकार संघीय सरकार र प्रान्तिय सरकारवाट जारी भएको ऐन नियम र प्रचलित ऐन नियमसँग वाझिएको खण्डमा स्वत खारेज भएको मानिनेछ ।
२. यस कार्यविधिमा सुधार तथा संशोधन गर्न आवशयक देखिएमा कार्यपालिकाको निर्णयवाट संशोधन गर्न सकिनेछ ।